# मेरी शान्ति कता छिन तिमी.....

*निलन कुमार थेच्वमि*

मेरी शान्ति कता छिन तिमी...?
हिजो सम्म साथ साथ थियो ।
बनपाखा पखेरुहरुमा डुलि-डुलि गाउँने
तर आज भेटिएनन् कतै किन..तिमी..?
चुरेपहाड र तराईका फाँटहरुमा खोजें
निश्चल हिम श्रृखलाहरुमा खोजी हिडें
तर भेटीएनन् तिमीलाई कतै पनि...
मेरी शान्ति कता छिन् तिमी...?
हरिया पाखा पर्वततिर खोजी हिंडे..
जताततै रातै रातो छरिएको देख्छु ।
झस्कन्छु ती राता राता पाखा देखी
किनकि त्यो पाखामा लालिगुराँस हैन्
राता रगतको, जमेको फाल्साहरु देख्दा..
पाखा पखेरुमा तिम्रो सिन्दुर छरिएको देख्दा
कतै ताता पाटा परेका हतियारधारीहरुले
गाउँ र बस्तिहरुमा होली त खेलेनन् ?
तिमीलाई खोजी हिंडे, मात्र छिरविरे रंङ्गका
ताता पाटा परेका हतियारधारीहरु मात्र देख्छु
तिमीलाई खोजी खोजी कयौं माईल हिंडे
कयौं खोलानालाहरु तरे पाखा पखेरुहरु काटें...
जता ततै रातो नै रातो देख्छु...।
खोला नालाहरु पनि रातै बगेको देख्छु ।
ताते पाटे परेका ब्याधेहरुले चलाएका गोलीले
कतै तिम्रो निश्चल सुन्दर अंङ्ग प्रत्यंङ्गहरुबाट
ता...तो रातो रगत त बगेका छैनन्?
स्वप्न सुन्दर शरिर अंङ्ग भङ्ग भएका त छैन्न?
लाग्छ चारै तिर कागहरु कराएको देख्दा..
पक्कै मेरी शान्ति बलात्कार भए झै लाग्छ ।
कतै मेरी शान्ति लुट्टिएकि त छैनन्?
कतै ठालुहरुको अत्याचार सहन नसकि
छिन् छिनको बलात्कारीहरु बाट उब्जीएका
भयानक भयाविहिल चिच्याहत सुनेर
कतै मेरी शान्ति क्रान्ति तिर त लागेकी हैन्न?
जहाँ पिंडा त्यहाँ प्रतिकार,
जहाँ दमन त्यहाँ प्रतिराध भने झै
कतै मेरी शान्ति प्रतिकार तिर त लागेनन्?
कतै मेरी शान्ति कसैको प्रतिरोध त बनेनन्?
देशलाई तिमी चाहिरहेको अवस्थामा....
कतै तिमी परदेशीको त भएनौन्?
हिजो सम्म शान्ति क्षेत्र नेपाल थियो ।
आज मेरी शान्ति कता गयौ तिमी?
नेपाली जनतालाई चाहिरहेको क्षणमा
कतै मेरी शान्ति विदेशी बुँथ र लाठी खाई
अन्धकार कोठामा कथित यातनामा त छैनन्?
मेरी शान्ति कहाँ छिन् तिमी......?
मेरी शान्ति कता गयौं तिमी........?